मिति २०७६।०६।२४ गतेका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्री स्तर) निर्णयानुसार स्वीकृत

# कृषियन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावनाः नेपाल सरकारबाट स्वीकृत २० बर्षे (२०७२/७३– २०९२/९३) कृषि विकास रणनीति तथा प्रदेश नं. ५ को प्रथम आवधिक योजना (२०७६/७७ – २०८०/८१) ले मार्ग निर्देशन गरे बमोजिम कृषि क्षेत्रको द्रुत विकास गर्ने परिकल्पनालाई साकार पार्न कृषिमा यान्त्रीकरण गर्न जरुरी रहेको सन्दर्भमा हाल कृषि क्षेत्रमा कृषि यान्त्रीकरण कार्यको लागि स्थानीय कृषियन्त्र उद्योग स्थापना गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको निकायको वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्न, प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषियन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कृषियन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने फर्म/कम्पनीलाई सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मातहतको निकायलाई सम्झनु पर्छ।

(ङ) "निर्देशनालय" भन्नाले प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(च) "प्रस्ताव" भन्नाले यस कार्यविधिको अनुसूची-४ बमोजिम पेश भएको आयोजनाको विस्तृत कार्ययोजनालाई सम्झनु पर्दछ।

(छ) "प्रस्ताव मूल्याङ्कन मापदण्ड" भन्नाले अनुदानको लागि पेश गरीएको प्रस्ताव मूल्याङ्कनका लागि तोकिएका अनुसूची-५,६ र ६ बमोजिमको मापदण्डलाई सम्झनु पर्दछ।

(ज) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) "महाशाखा" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका महाशाखाहरुलाई सम्झनु पर्दछ ।

(ट) "लगानी रकम" भन्नाले आयोजनाको सम्झौतामा उल्लेख भए अनुसारको आयोजनाको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कूल लगानी रकम सम्झिनु पर्दछ।

(ठ) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले प्रदेश नं. ५ भित्रका गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ।

३. <u>यस कार्यविधिको उद्देश्य</u>: यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ :-

(क) कृषियन्त्र उद्योग स्थापना गरी प्रदेशलाई आवश्यक पर्ने कृषियन्त्र तथा औजार उपकरण (अनुसूचि- १ बमोजिम) उपलब्धताको सुनिश्चिता गराउने,

(ख) कृषिको यान्त्रीकरण र आधुनिकीकरणमा सघाउ पुऱ्याउने,

(ग) कृषियन्त्र तथा औजार उपकरणको माध्यमबाट लागत न्यूनीकरण गरी कृषि श्रमको प्रतिस्थापन गर्ने, र

(घ) कार्यक्रमलाई सरल, पारदर्शी तथा प्रभावकारी रुपले सञ्चालन गर्ने।

परिच्छेद-२

<u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

४. <u>कार्यक्रमको मापदण्ड</u>: कृषियन्त्र उद्योग स्थापना कार्यक्रमको मापदण्ड देहायबमोजिम हुनेछ :-

(क) कृषियन्त्र उद्योग स्थापनाको लागि न्यूनतम ५ कठ्ठा जग्गा उद्योगको नाममा वा १० वर्षसम्म जग्गा भाडामा लिएको हुनु पर्नेछ।

(ख) कृषियन्त्र उद्योग स्थापनाको लागि सडक, पानी, बिजुली (थ्रि फेज) भएको हुनु पर्नेछ।

सचिव

(ग) उद्योग स्थापनाको लागि सम्बन्धित निकायबाट स्वीकृति लिएको हुनु पर्नेछ।

(घ) कृषियन्त्र उद्योग मार्फत कृषि क्षेत्रमा आवश्यक पर्ने अनुसूची-१ बमोजिमका सामग्रीहरु उत्पादन गर्नु पर्नेछ।

(ङ) कृषियन्त्र उद्योग स्थापनाको लागि कूल लागतको ५० प्रतिशतले हुन आउने रकम वा अधिकतम ५० लाख मध्ये जुन कम हुन आउछ सो रकममा अनुदान उपलब्ध गराईनेछ।

(च) अनुदान रकम पूर्वाधार लगायतका क्षेत्रमा खर्च गर्नु पर्नेछ र कम्पनीले लगानी गर्ने ५० प्रतिशत रकम कम्पनीको जग्गा खरिद तथा अन्य चालु खर्चमा खर्च गर्न पाईने छैन् ।

(छ) यस अघि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट कृषि सम्बन्धी कुनै अनुदान प्राप्त गरेको कम्पनी भए उक्त अनुदानबाट सञ्चालन योजना सफलता पूर्वक सञ्चालन भई रहेको हुनु पर्नेछ।

५. प्रस्ताव छनौट तथा सम्झौताः कृषियन्त्र उद्योग स्थापना कार्यक्रमको लागि प्रस्ताव छनौट तथा सम्झौता प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) अनुसूची-२ बमोजिमको ढाँचामा ३० दिनको म्याद राखी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरिनेछ।

(ख) प्रस्तावकर्ताले सूचनामा उल्लेख भए अनुसार अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन तथा कागजातहरु संलग्न राखी अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ।

(ग) प्रस्ताव मन्त्रालयमा वा सूचना प्रकाशनको समयमा मन्त्रालयले तोकेको कार्यालयमा पेश गर्नु पर्नेछ।

(घ) पेश भएको प्रस्तावलाई मूल्याङ्कन समितिले अनुसूची-५, ६ र ७ अनुसारको आधारमा मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

(ङ) कार्यक्रम व्यवस्थापन समितिले औचित्यताको आधारमा अन्तिम मूल्याङ्कन गरी स्वीकृतिको लागि मन्त्रलायमा पेश गर्नेछ।

(च) अनुसूची-८ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

परिच्छेद-३

## अनुदान रकम भुक्तानी प्रक्रिया

६. अनुदान रकम प्रवाह विधि: (१) उद्योग स्थापना कार्यको लागि स्वीकृत कार्ययोजनामा बमोजिमका क्रियाकलापहरु सम्पन्न भए पश्चात अनुदान रकम भुक्तान गरिनेछ।

(२) कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम कार्य प्रगतिका आधारमा दुई किस्तामा उपलब्ध गराइनेछ।

(३) साठी प्रतिशत भन्दा बढी काम सम्पन्न भएपछि स्वीकृत रकमको पचास प्रतिशत र सबै काम सम्पन्न भई कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम उपलब्ध गराइनेछ।

(४) काम सम्पन्न गरी भुक्तानीको लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ:-

(क) निवेदन, स्वीकृत कार्ययोजना र सम्झौताको प्रतिलिपि,

(ख) सामग्रीहरु खरिद गरेको सक्कल बिल भरपाई,

(ग) फोटोहरु,

(घ) सम्बन्धित कार्यालयको सिफारिस पत्र,

(ङ) स्थानीय तहको सिफारिस पत्र,

(च) मन्त्रालयबाट खटाईएको टोलीको अनुगमन प्रतिवेदन,

(छ) कार्यसम्पन्न प्रतिवेदन, र

(ज) सार्वजनिक सुनुवाइ गरेको माइन्युटको प्रतिलिपि।

(५) उपदफा (४) बमोजिमको कागजात सहित पेश भई आएका निवेदन उपर स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदनका आधारमा साझेदारलाई एकाउण्ट पेयी चेक मार्फत रकम भुक्तानी गरिनेछ।

(६) स्वीकृत कार्ययोजना र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(७) कार्यक्रमको रकम भुक्तानी गर्दा प्रचलित नियमानुसार कन्टिन्जेन्सी रकम काट्टा गरी नियमानुसार खर्च गर्न सकिनेछ।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

७. निर्देशक समिति: (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनमा आवश्यक नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिन देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |

(ख) सचिव भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सदस्य

(ग) प्रमुख खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा सदस्य-सचिव

(२) समितिले बढीमा ३ जना विज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८. <u>कार्यक्रम व्यवस्थापन समितिः</u> (१) मन्त्रालयबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (ग) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (घ) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | खाद्य सुरक्षा प्रवर्द्धन शाखा | सदस्य सचिव |

(२) कार्यालयबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत, कार्यालय | अध्यक्ष |
| (ख) | प्रमुख, योजना शाखा, कार्यालय | सदस्य |
| (ग) | प्रमुख, सम्बन्धित शाखा, कार्यालय | सदस्य |
| (घ) | प्रतिनिधि, उद्योग हेर्ने कार्यालय | सदस्य |
| (ङ) | कार्यक्रम सञ्चालन गर्न तोकिएको अधिकृत/कर्मचारी, कार्यालय | सदस्य सचिव |

(३) समितिले बढीमा ३ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु माथि छलफल गरी औचित्य हेरी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ख) अनुदानको सिमा तोक्ने,

(ग) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यक्ता अनुसार फिल्ड प्रमाणीकरण पुनः गराउन सक्नेछ।

(घ) समितिले कुनै नीतिगत विषयमा अस्पष्टता भएमा निर्देशक समिति समक्ष उक्त विषय पेश गर्नेछ।

९. <u>मूल्याङ्कन तथा सिफारिस समिति</u> : (१) मन्त्रालयबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति गठन हुनेछः-

(क) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा अध्यक्ष

मा. आरती पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| (ख) | कानून अधिकृत, | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य |
| (घ) | प्रमुख, | पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा | सदस्य |
| (ङ) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (छ) | प्रमुख | खाद्य सुरक्षा प्रवर्द्धन शाखा | सदस्य सचिव |

(२) कार्यालयबाट कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम हेर्ने शाखा प्रमुखको शाखा प्रमुखको अध्यक्षतामा लेखा प्रमुख तथा सम्बन्धित शाखाको १ जना कर्मचारी सदस्य रहने गरी ३ देखि ५ सदस्यीय कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समिति गठन हुनेछ।

(३) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालनको लागि पेश भएका प्रस्तावहरुको अनुसूची-५ अनुसार प्रारम्भिक मूल्याङ्कन गर्ने,

(ख) स्थलगत प्रमाणीकरण कार्यको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने,

(ग) स्थलगत प्रमाणीकरण कार्य अनुसूची-६ बमोजिमको ढाँचामा गर्ने गराउने।

## परिच्छेद-५

## समन्वय, प्रतिवेदन एवं अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१०. अनुगमन व्यवस्था: (१) यस कार्यक्रमका गतिविधिको नियमित अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट हुनेछ।

(२) मन्त्रालयले कृषियन्त्र उद्योगको तीन वर्षसम्म नियमित अनुगमन गर्नु पर्नेछ। तीन वर्षभन्दा अगाडि नै उद्योग बन्द गरेमा वा यन्त्र उत्पादन नगरेमा नियमानुसार सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिनेछ।

(३) यस कार्यक्रम स्थानीय तहको समन्वयमा सञ्चालन गरिनेछ।

## परिच्छेद-७

## विविध

११. सार्वजनिक परीक्षण : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित

सचिव

मा. आरिती पौडेल
मन्त्री

जनसमुदायलाई कार्यक्रम सञ्चालन भएका स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१२. संशोधन तथा परिमार्जन : (१) आर्थिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर आवश्यकता अनुसार मन्त्रालायले यस कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) मन्त्रालयले यस कार्यविधिको अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।

१३. प्रचलित कानून लागू हुने: यस कार्यविधिमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. अन्तिम व्याख्या: यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

सचिव

अनुसूची-१

(दफा ४ को खण्ड (घ) सँग सम्बन्धित)

मा. आ... पौडेल
मन्त्री

**कृषियन्त्र उद्योग स्थापनाबाट उत्पादन गर्ने कृषियन्त्र औजार उपकरणहरुको विवरण**

| क.स. | वर्गीकरण | सामग्रीको विवरण |
|---|---|---|
| १ | कृषि कार्यमा प्रयोग हुने परम्परागत कृषि औजारहरु | कुटो, कोदालो, फरुवा, फाली, हंसिया, खुर्पा, बन्चरो, आधुनिक हलो, दाँति, बेल्चा, गैटी आदि |
| २ | बाली संरक्षण कार्यमा प्रयोग हुने कृषियन्त्र तथा औजारहरु | मुसा मार्ने मुसेरी, बीउ भण्डारण गर्ने टिनको भकारी, बीउ उपचार गर्ने सामग्री, फलफूल टिप्ने झोला तथा टिप्ने उपकरण, बीउ भण्डारण गर्ने सुपर ग्रेन व्याग, किरा मार्न तथा छोप्न प्रयोग हुने उकरण तथा औजार लगायतका सामग्रीहरु |
| ३ | मौरी पालनको लागि आवश्यक पर्ने औजार तथा उपकरणहरु | आधुनिक मौरी घार, मह मदानी, धुवा दानी, आधार चाका, क्वीन गेट, क्वीन केज, क्यून सेपेरेटर लगायतका सामग्रीहरु |
| ४ | अन्य कुनै नयाँ भएमा | कृषि कार्यमा प्रयोग हुने नयाँ कुनै प्रविधि |

सचिव

अनुसूची-२

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

**सूचनाको ढाँचा**

प्रथम पटक सुचना प्रकाशन मिति........

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५, बुटवलद्वारा आ व २०७६।७७ को कृषियन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालनका लागि अनुसूची-१ मा रहेका कृषिमा प्रयोग हुने यन्त्र उपकरण उत्पादन गर्न इच्छुक प्रदेश नं. ५ का १२ जिल्लाका कृषियन्त्र उद्योग तथा उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित कागजतहरु संलग्न गरी सूचनामा उल्लेख भएका कार्यालयमा निवेदन सहित विस्तृत प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरु:

१. कृषियन्त्र उद्योग स्थापना सहयोग कार्यक्रम आधिकारिक लेटर प्याडमा निवेदन १ प्रति
२. कृषियन्त्र उद्योगको आधिकारिक निकायमा सूचना प्रकाशन मिति भन्दा अगाडी दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति
३. कृषियन्त्र उद्योगको आधिकारिक VAT/PAN दर्ताको प्रमाण पत्रको प्रतिलिपी १प्रति तथा आ.व.०७५/७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि १ प्रति
४. व्यावसायिक यन्त्र स्थापना सहयोग कार्यक्रमको लागि अनुसूची-३ बमोजिमको प्रस्ताव १ प्रति
५. उद्योग सञ्चालकको बैठकबाट कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी १ प्रति
६. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी १ प्रति
७. निर्माण गरिने पूर्वाधारको सामान्य डिजाईन तथा स्टीमेट प्रति
८. उद्योग स्थापनाको लागि जग्गा लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई उद्योग स्थापना गर्नेको हकमा कम्तिमा १० वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि र जग्गाधनिको लालपुर्जाको प्रतिलिपि १/१ प्रति
९. अनुसूची-४ बमोजिम प्रस्तावको ढाँचा मन्त्रालयको वेवसाईट (molmac.p5.gov.np) वाट डाउनलोड गर्न सकिनेछ
१०. प्रस्ताव दर्ता मन्त्रालय तथा .................................. मा गर्नु पर्नेछ।

अनुसूची- ३

(दफा ५ को खण्ड (ख) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

आ. आरती पौडेल
मन्त्री

मिति .......................

श्रीमान् ............ ज्यू,

..................................।

विषयः कृषियन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे।

प्रस्तुत विषयमा तहां मन्त्रालयबाट मिति....................................... मा प्रकाशित गरिएको सूचना अनुसार कृषि उद्योग स्थापना अनुदान सहयोग कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले अनुसूची-१ को ................................................... यन्त्र उपकरणहरु उत्पादन गर्ने उद्देश्यका साथ मन्त्रालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधीनमा रही व्यावसायिक कृषियन्त्र उद्योग स्थापना गरी कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छु/छौं।

संलग्न कागजातहरुः

१. कृषियन्त्र उद्योग स्थापना सहयोग कार्यक्रम आधिकारिक लेटर प्याडमा निवेदन १ प्रति
२. सूचना प्रकाशन मिति भन्दा अगाडि कृषियन्त्र उद्योग आधिकारिक निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति
३. कृषियन्त्र उद्योगको आधिकारिक VAT/PAN दर्ताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति तथा आ.व.०७५/७६ को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि १ प्रति
४. व्यावसायिक यन्त्र स्थापना सहयोग कार्यक्रमको लागि अनुसूची-४ बमोजिमको प्रस्ताव १ प्रति
५. उद्योग सञ्चालकको बैठकबाट प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी १ प्रति
६. प्रस्ताव पेश गर्नेको नागरिताको प्रतिलिपी, निर्माण गरिने पूर्वाधारको सामान्य डिजाईन तथा स्टीमेट १/१ प्रति
७. उद्योग स्थापनाको लागि कम्तिमा ५ कठ्ठा जग्गा लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई उद्योग स्थापना गर्नेको हकमा कम्तिमा २० वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि र जग्गाधनिको लालपुर्जाको प्रतिलिपि १/१ प्रति ।

<u>निवेदक</u>

दस्तखत नामः...........................

ठेगानाः..........................

(संस्थाको छाप)

संस्थाको/उद्यमीको नामः............

सम्पर्क फोन नं............

इमेलः..........................

सचिव

अनुसूची-४

(दफा ५ को खण्ड (ख) सँग सम्बन्धित)

## कृषियन्त्र उद्योग स्थापना सहयोग कार्यक्रमको प्रस्तावको ढाँचा

| कार्यालय प्रयोजनको लागि मात्र | | | |
|---|---|---|---|
| आवेदक संकेत नं. | | उत्पादन क्षेत्रगत यन्त्रको नाम | |

खण्ड कः आवेदक तथा कृषि यन्त्र उद्योग कार्यक्रमको विवरण

१. आवेदक उद्यमीको सम्बन्धी विवरण

| | |
|---|---|
| आवेदक संस्थाको | नाम :.......................................................... |
| आवेदकको पुरा ठेगाना | जिल्ला : ............................................................... |
| | गा.पा./न.पा. :...........................वडा नं.:................ |
| | गाँउ/टोल :................................ ईमेल..................... |
| | टेलिफोन नं :.......................................................... |
| कृषि उद्योगको पत्राचार गर्ने ठेगाना | १. सम्पर्क व्यक्तिको नाम :................................. |
| | २.टेलिफोन.......................मोवाईलः................................. |
| | ३. फ्याक्सः................................................ |
| | ४. इमेल...................................................... |
| आवेदक संस्थाको-किसिम | १. उद्यमी २. अन्य खुलाउने):................................ |
| (कुनै एक मात्र चिन्ह लगाउने) | |
| संस्था स्थापना भएको मिति | गते/महिना/वर्ष........................................................ |
| आधिकारिक निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ............................................................ |
| | सस्था दर्ता गर्ने निकाय................................................ |
| | मितिः(दिन÷महिना÷वर्ष).................................................. |
| भ्याट वा स्थायी लेखा नं. को दर्ता नं. | ............................................................... |
| प्रस्ताव पेश गरेको कृषि उद्योगको किसिम | |

२. प्रस्तावित कृषि यन्त्र उद्योग स्थापना सहयोग कार्यक्रमको नाम र ठेगाना

| | |
|---|---|
| कार्यक्रमको नाम : ....................................................... | |
| ठेगानाः | गाउँ /टोलः...................वडा नं............ |
| गाँउपालिका/नगरपालिकाः............ जिल्लाः................ | |

सचिव

मा. आरती पौडेल

३. प्रस्तावित कृषि उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम संलग्न हुने सेवाग्राहीहरुको वा घर परिवार विवरण (संख्या) जम्मा सदस्य संख्या ........ समेटिएका जम्मा घरधुरी संख्या ............

प्रस्तावित कृषि उद्योग स्थापना बाट सेवा प्राप्त गर्ने सेवाग्राहीहरुको वा घरपरिवार विवरण (सख्या) जम्मा सदस्य संख्या ............. समेटिएका जम्मा घरधुरी संख्या .........................

| समावेशीकरण विवरण | | | |
|---|---|---|---|
| उप आयोजनमा संलग्न हुने कुल सदस्य संख्या | महिला | पुरुष | जम्मा |
| दलित | | | |
| जनजाति | | | |
| मुस्लीम | | | |
| थारु | | | |
| बादी | | | |
| ब्राह्मण क्षेत्री | | | |
| अन्य | | | |

४. प्रस्तावित कृषि उद्योग स्थापना कार्यक्रमका उद्देश्यहरुः

क.

ख.

ग.

५. प्रस्तावित कृषि उद्योग स्थापना कार्यक्रमको कूल लागतको बाँडफाँड :

| क.सं. | वित्तीय श्रोत | पुँजीगत रु. | चालु रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १ | आवेदकको लगानी रकम रु. | | | |
| २ | मन्त्रालयको अनुदान रकम रु. | | | |
| ३ | अन्य साझेदार संस्था भएमा.............. | | | |
| | कुल लागत | | | |

६. प्रस्तावित व्यावसायिक कृषि उद्योग स्थापना कार्यक्रमको कार्यान्वयन र व्यवस्थापन समिति भएमा

| पद | नाम,थर | विशेष भूमिका | कैफियत |
|---|---|---|---|
| संचालक | श्री | | |
| | | | |
| | | | |

७. अन्य कुनै संस्थाबाट प्रस्तावति कृषि उद्योग स्थापना कार्यक्रममा वित्तीय सहयोग प्राप्त गर्नु भएको भए खुलाउनुहोस्। प्राप्त गरेको ☐ नगरेको ☐

सचिव

सहयोग दिने संस्थाको नाम.................................................

सहयोग प्राप्त गरेको आ.व. :............

सहयोग लिएको रकम रु...................................................काम सम्पन्न भएको छ/छैन।

खण्ड खः प्रस्तावित कृषि उद्योग स्थापना कार्यक्रमको योजना विवरणः

८. अनुदान माग गर्ने संस्थाको अनुभव वा हाल सम्म यन्त्र उपकरण उत्पादन सम्बन्धी विवरण

क.

ख.

ग.

९.कम्पनी वा उद्यमीसँग हाल भएको, मानवीय, वित्तीय तथा भौतिक श्रोत सम्बन्धी विवरण

९.१ भौतिक साधनहरु

| क.सं | भौतिक सामग्रीको विवरण | संख्या | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |

९.२.जनशक्तिको विवरण

| क.सं. | नाम, थर | शिक्षा/तालिम | अवधि | उतिर्ण गरेको तह | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

९.३. गत ३ वर्षको वितीय अवस्था

| क.सं. | वित्तीय श्रोतहरु | वर्ष......नेरु | वर्ष...........नेरु | वर्ष.............नेरु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

मा. आरती पौडेल
मन्त्री

सचिव

१०. व्यावसायिक योजना

मा. आरती पौडेल

१०.१. प्रस्तावित कृषि उद्योग स्थापना कार्यक्रम कार्य योजना तथा अनुमानित प्रतिफलः

| क.स. | उत्पादित यन्त्रको नाम | हाल यन्त्रहरु उत्पादनको अवस्था | कार्यक्रम सञ्चालनबाट अपेक्षित लक्ष्य संख्या | | |
|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ |
| १ | | | | | |
| २ | | | | | |

१०.२ बजार प्रतिस्पर्धी रणनीति बारे उल्लेख गर्नुहोस् (सामग्री खरिद तथा बिक्री योजना सहित)

क.

ख.

ग.

घ.

ङ.

च.

१०.३.व्यवसायिक कृषि उद्योग स्थापना कार्यक्रम कृयाकलाप, वजेट तथा लागत साझेदारीको विस्तृत विवरण

सचिव

| सि.नं. | कार्य विवरण | एकाई | परिमाण | दर | जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| १ | भौतिक संरचना तथा वजार पूर्वाधार विकास | संख्या | | | |
| १.१ | | | | | |
| | | | | | |
| | | | | | |

नोटः जग्गा र चालु खर्चको रकमलाई अनुदान प्रयोजनको लागि हिसावमा जोडिनेछैन् ।

१०.५.व्यावसायिक कृषि कार्यक्रम वार्षिक कार्यतालिका **(Annual work calendar)**

| क्रियाकलाप | योजना शुरु हुने र समाप्त हुने महिना | | | | |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ |
| | | | | | |
| | | | | | |

सचिव

मा. आरती पौडेल
मन्त्री

खण्ड ग: प्रस्तावित कृषि उद्योग स्थापना कार्यक्रम को सामाजिक तथा वातावरणीय पक्ष

११.सामाजिक तथा वातावरणीय परीक्षण (Environmental and Social Screening)

११.१ कार्यक्रम संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | विवरण | पर्छ | पर्दैन | यदि पर्छ भने के के नकारात्मक असर पर्न सक्ने सम्भावना छरु उल्लेख गर्ने |
|---|---|---|---|---|
| १ | वन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलासय(नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/ धार्मिक क्षेत्र /मन्दिर | | | |
| ६ | चिहान | | | |

११.२. वातावरण व्यवस्थापन योजना

प्रस्तावित कार्यक्रम कार्यान्वयनको सिलसिलामा उत्पन्न हुन सक्ने अप्रत्यासित वातावरणीय तथा सामाजिक समस्याहरु समाधानको लागि यस मा केहि कृयाकलापहरु प्रस्तावित गरिएको भए त्यसको छोटकरी विवरण

| कियाकलापहरु | वातावरणमा प्रभाव | न्यूनीकरणका उपाय | प्रस्तावित न्यूनीकरणको खर्च | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोट: वातावरणमा प्रभाव पार्ने क्रियाकलाप मात्र उल्लेख गर्नु होला

११.३ प्रस्तावित कार्यक्रमलाई दिगो राख्न के योजना सोच्नु भएको छ रु

क.............................................................................................................................

ख.............................................................................................................................

११.४ उद्यमी को तर्फबाट स्वघोषणा

म/हामी, हाम्रो संस्थाको तर्फबाट यो स्वीकार गर्दछौं कि मेरो/हाम्रो ज्ञान बुद्धिले जानेसम्म यो फारममा उल्लेख गरिएका विवरण/तथ्यहरु सत्य छन । माथिका विवरण तथा तथ्यहरु हामीले जानी जानी फरक पार्न खोजेको ठहरिएमा हाम्रो आवेदन आयोजनाले छनोट प्रक्रियामा समावेश

सचिव

गर्ने छैन भन्ने कुरा मैले/हामीले राम्ररी बुझेकोछु/बुझेकाछौ । हाम्रो उप आयजनाको व्यावसायिकयोजना स्वीकृत भएमा कार्यालयको नीति नियम पालना गरि उपआयोजन कार्यान्वयन गर्दछौ व गर्ने छु । प्रस्तावित लगानी कार्यक्रमको लागि अन्य दाताहरुबाट अनुदान लिएको वा लिन पहल भए नभएको स्वघोषणा समेत गर्दछौ व गर्ने छु ।

संस्थाको तर्फबाट दस्तखत गर्ने

संस्थाको छाप

दस्तखतः ..............................................

नामः ..................................................

पदः ....................................................

संस्थाको नाम ......................................

मितिः ..................................................

सम्पर्क नं.............................................

इमेलः...................................................

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-५

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

**प्रारम्भिक मूल्याङ्कनको लागि चेक लिष्ट**

| | | | |
|---|---|---|---|
| दर्ता नं.: | | | |
| उद्यमीको नामावली विवरण: | | | |
| ठेगाना | | | |
| पेश गरेको उत्पादन कृषियन्त्रको नाम | | | |
| सम्पर्क नं. | | | |
| सि.नं. | विवरण | भएको वा नभएको | कैफियत |
| १ | आधिकारिक निकायमा दर्ता | | |
| २ | कर कार्यालयमा दर्ता | | |
| ३ | लेखा परीक्षण प्रतिवेदन | | |
| ४ | कर चुक्ता प्रमाण पत्र | | |
| ५ | प्रस्ताव पेशको लागि निर्णय | | |
| ६ | आफूले व्यहोर्ने लागत खुलेको प्रमाण | | |
| ७ | प्रस्तावमा पेश गर्दा मापदण्ड अनुसार हुनु पर्ने | | |
| ८ | बनाउने पूर्वाधारको ईष्टिमेट तथा डिजाईन भएको | | |
| ९ | अनुसूची-४ बमोजिमको ढाँचामा कार्यक्रमको प्रस्ताव | | |

सचिव

अनुसूची-६

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

## स्थलगत प्रमाणीकरण फारामको ढाँचा

### खण्ड कः उद्यमीको विवरण

१. अनुदानग्राहीको विवरण

| आवेदक संस्थाको | नाम :........................................................ |
|---|---|
| आवेदकको पुरा ठेगाना | जिल्ला :...............................................................<br>गा.पा./न.पा.:...........................वडा नं.:...............<br>गाँउ/टोल :................................ ईमेल....................<br>टेलिफोन नं :....................................................... |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक समूह २.कृषि सहकारी ३.उद्यमी ४.समूह सहकारीमा आवद्ध कृषक ५.अन्य खुलाउने):................................ |
| संस्था स्थापना भएको मिति | गते/महिना/वर्ष........................................................... |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ...............................................................<br>सस्था दर्ता गर्ने निकाय.................................................<br>मितिः(दिन/महिना/वर्ष)................................................... |
| भ्याट/प्यान दर्ता नं. | ................................................................... |
| वर्गीकरण | १ (क)<br>१ (ख)<br>२ |
| प्रस्ताव पेश गरेको कृषि यन्त्रहरुको नाम | |

२. प्रस्तावित कृषि उद्योग स्थापना सहयोग कार्यक्रम विवरण

| कार्यक्रमको नाम | |
|---|---|
| ठेगानाः | जिल्ला.....................................................................<br>स्थानीय पालिका.........................................................<br>गाउँ /टोलः.....................................वडा नं...................... |

३. प्रस्तावित कार्यक्रमबाट अनुमानित लाभग्राहीहरुको वा घरपरिबार विवरण (सख्या)

जम्मा सदस्य संख्या ........................ समेटिएका जम्मा घरधुरी संख्या ........................

| समावेशीकरण विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| उप आयोजनमा संलग्न हुने कुल सदस्य संख्या | | | |
| दलित | | | |
| जनजाति | | | |
| मुस्लीम | | | |
| थारु | | | |
| ब्राह्मण क्षेत्री | | | |
| अन्य | | | |

मा. आरती पौडेल
मन्त्री

४. प्रस्तावित कृषि उद्योग स्थापना सहयोग कार्यक्रम कार्यक्रमको उद्देश्यहरु अनुसारको क्रियाकलापहरु संचालनको अवस्था

क) भएको ख) नभएको

५. प्रस्तावित कार्यक्रमको कूल लागतको बाँडफाँडमा लागत सहभागिताको श्रोत खुल्ने प्राप्त आधार भएको वा नभएको

क) भएको ख) नभएको ग) भएको भए अधार लेख्नु पर्ने ...........................................................................................................................

६. प्रस्तावित कार्यक्रमको कार्यान्वयन र व्यवस्थापन समिति गठन सम्बन्धी विवरण

क) भएको ख) नभएको

७. अन्य कुनै संस्थाबाट प्रस्तावति कृषि मूल्य श्रृङ्खलामा वित्तीय सहयोग प्राप्त गर्नु भएको भए वा नभएको

क) भएको ख) नभएको

ग) प्राप्त भएको भए सहयोगदिने संस्थाको नाम.........................................................................

प्राप्त आ.व.............सहयोग लिएको रकम रु....................काम सम्पन्न भएको छ/छैन

८. अनुदान माग गर्ने संस्थाको अनुभव सम्बन्धी विवरण

क.

ख.

ग.

९. संस्थाको भौतिक साधनहरु

१०. संस्थाको वित्तीय अवस्था रु.

११. कार्यक्रम संचालनको लागि प्राविधिकको व्यवस्था:

१२. प्रस्तावित कार्यक्रम संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | विवरण | पर्छ | पर्दैन | यदि पर्छ भने के यो आयोजना संचालनबाट कुन प्रकारको नकारात्मक असर पर्न सक्ने सम्भावना छ? |
|---|---|---|---|---|
| १ | वन,जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलासय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | चिहान | | | |

१३. प्रस्तावित कृषि उद्योगलाई दिगो राख्न के योजना सोच्नु भएको छ ?

क.....................................................................................................

ख.....................................................................................................

सचिव

मा. आरती पौडेल
मन्त्री

१४. प्रताव पेश गर्दा भरिएको विवरणहरुको सम्बन्धमा

(क) दुरुस्त पाईएको

(ख) सामान्य फरक देखिएको

(ग) फारममा पेश गरेको विवरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मूल्याङ्कन टोलीले के के विषयहरुमा कमि कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मूल्याङ्कनमा समावेश हुने छैन।

१५. सिफारिस

उक्त कार्यक्रम प्रस्तावकोस्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

*कार्यक्रमसँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, कार्यक्रमसँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

मूल्याङ्कन समिति

| सि.नं. | नम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-७

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क.स. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | व्यावसायिक योजना | २० | |
| | लाभ लागतको योजना तयार भई पहिलो वर्षमा नै नाफामा जाने | २० | |
| | दोस्रो वर्षमा नाफामा जाने | १६ | |
| | तेस्रो वर्षमा नाफामा जाने | १२ | |
| २ | यन्त्र उत्पादनमा सहभागीको अनुभव | १० | |
| | ५ वर्ष सो भन्दा बढि अनुभव भएको | १० | |
| | २-४ वर्षको अनुभव भए | ८ | |
| | १ वर्ष वा सो भन्दा कम अनुभव भए | ६ | |
| ३ | प्राविधिक पक्ष | १० | |
| | सम्बन्धित विषयमा +२ वा सो सरह उतिर्ण भए | १० | |
| | तालिम प्राप्त भए | ८ | |
| | अनुभव मात्र भए | ६ | |
| ४ | आर्थिक पक्ष | २० | |
| | नगद मौज्दात भए | २० | |
| | ऋण स्वीकृत | १६ | |
| | नखुलेको | १२ | |
| ५ | उत्पादन योजना | १० | |
| | प्राथमिक उत्पादन भए | १० | |
| | एसेम्बलिङ्ग भए | ७ | |
| ६ | बजार योजना | १० | |
| | ७५% वा सो भन्दा बढि स्थानीय बजारमा खपत हुने भए | १० | |
| | ५०% देखि ७४% स्थानीय बजारमा खपत हुने भए | ८ | |
| | २५% देखि ४९% स्थानीय बजारमा खपत हुने भए | ६ | |
| ७ | वातावरणीय पक्ष | १० | |



सचिव

मा. आरती पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| | सकरात्मक प्रभाव भए | १० | |
| | कुनै पनि प्रभाव नपर्ने भए | ८ | |
| | सामान्य नकरात्मक प्रभाव पर्ने भए | ६ | |
| ९ | रोजगारी सिर्जना (पूर्णकालीन) | १० | |
| | १० जना भन्दा बढी रोजगारी सिर्जना भए | १० | |
| | ७-१० जना सम्म रोजगारी सिर्जना भए | ८ | |
| | ४-६ जना सम्म रोजगारी सिर्जना भए | ६ | |
| | ३ जना भन्दा कम रोजगारी सिर्जना भए | ४ | |
| | जम्मा | १०० | |

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल

अनुसूची-८

(दफा ५ को खण्ड (च) सँग सम्बन्धित)

सम्झौता पत्रको ढाँचा

मा. आरती पौडेल
मन्त्री

प्रदेश सरकार, प्रदेश नं.५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषियन्त्र उद्योग स्थापना कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, प्रदेशनं५ ., भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, (यसपछि पहिलो पक्ष भनिने) श्री ...................(यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरिदियौं/लियौं ।

तपसिल:-

१. प्रथम पक्षले कृषि यान्त्र उद्योग स्थापना सहयोग कार्यक्रम मार्फत कृषियन्त्र उद्योग स्थापना गर्न कार्यक्रमको लागी जम्मा लागत रु.............................. मध्ये दोश्रो पक्षलाई रु.................. (अक्षरुपी..................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ ।बाँकी रकम दोश्रोपक्ष आफैले लगानी गर्ने छ ।

२. दोश्रो पक्षले प्रस्तावमा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३. दोश्रोपक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसारका निर्माण सामग्री आफैले खरिद गरी नियमानुसारको बिल, दाखिला प्रतिवेदन, सिफारिस गरेको कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष पेश गर्नुपर्ने छ ।

४. प्रथम पक्ष आफैले वा तोकेको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा अनुदान रकम दोश्रोपक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिईनेछ।यो रकम कार्यक्रम सम्पन्न पछि मात्र भुक्तानी हुनेछ ।

५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामग्रीहरुको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ । निर्माणको हकमा विस्तृत डिजाईन तथा इष्टिमेट यसै सम्झौतामा समावेश भए बमोजिम गर्नु पर्नेछ ।

६. दोश्रोपक्षले सहकार्यमा सञ्चालन कार्यक्रमहरुको प्रगती विवरण प्रथम पक्ष वा प्रथम पक्षले तोकिएको कार्यतालिका निर्माण गरिने छ र सोही अनुसार तोकिएको निकायमा उपलब्ध गराउनु पर्ने छ।

७. कार्यक्रम सँचालित स्थानमा सबैले देख्नेगरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित वोर्ड अनिवार्य राख्नु पर्ने छ।

८. प्रथम पक्षले कुनैपनि बखत सञ्चालन कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

सचिव

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी सरह असुल उपरको लागी प्रकृया अगाडी बढाउन सक्नेछ ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा विल पेश नगरी म्याद गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः ...................... | हस्ताक्षरः ............................... |
| नामः | नामः |
| ठेगानाः | पदः |
| पदः | कार्यालयको छापः |
| छापः | |
| रोहवरः | |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगानाः | पदः |
| पदः | कार्यालयको छापः |

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ।

सचिव